New York State Department of Health

# उपशामक हेरचाह के हो?

**उपशामक हेरचाह (Palliative Care) रोगको कुनै पनि चरणमा रहेका बिरामीहरूका लागि हो। यो तपाईंलाई अस्पताल र आकस्मिक विभागमा जान नपरोस् भनेर बनाइएको हो। उपशामक हेरचाहले गम्भीर वा दीर्घकालीन (लामो समयसम्म रहने) रोगसँगै आउने तपाईंको दुखाइ वा अन्य लक्षणहरूको व्यवस्थापन गर्छ। तपाईं र तपाईंको परिवारलाई उत्कृष्ट गुणस्तरको हेरचाह प्रदान गर्न तपाईंको स्वास्थ्य सेवा प्रदायक र विशेषज्ञहरूको टोलीले सँगै मिलेर काम गर्दछ।**

## मेरो लागि उपशामक हेरचाह कहिले उपयुक्त हुन्छ?

- के तपाईं हालै निदान भएको कुनै रोगको समस्यामा हुनुहुन्छ?
- के तपाईं हालै अस्पतालमा भर्ना हुनुभएको थियो?
- के तपाईं बारम्बार आकस्मिक विभागमा जानुहुन्छ?
- के तपाईं दीर्घ रोगका कारण हुने दुखाइ, चिन्ता वा अन्य लक्षणहरूबाट पीडित हुनुहुन्छ?
- के तपाईं निको हुने उपचार गराइरहनुभएको छ?

*तपाईंले यी मध्ये कुनै पनि प्रश्नको उत्तर 'हो' मा दिनुभयो भने, उपशामक हेरचाह तपाईंको लागि नै हो!*

## उपशामक हेरचाहको भुक्तानी कसले गर्छ?

उपशामक हेरचाह मेडिकल विशेषज्ञता हो। यो Medicare लगायत केही बीमा योजनाहरू अन्तर्गत पर्दछ।

## मैले उपशामक हेरचाह कहाँ प्राप्त गर्नेछु?

तपाईंले अहिले जहाँ बसिरहनुभएको छ, त्यहीँ उपशामक हेरचाह प्राप्त गर्न सक्नुहुन्छ—आफ्नै घरमा, अस्पतालमा, केही बहिरंग क्लिनिकहरूमा वा कुनै स्वास्थ्य संस्थामा।

## म कसरी उपशामक हेरचाह प्राप्त गर्न सक्छु?

मात्र सोध्नुहोस्! जो कोहीले पनि उपशामक हेरचाहको लागि अनुरोध गर्न सक्नुहुन्छ। यसमा तपाईं (बिरामी), तपाईंको स्वास्थ्य सेवा प्रदायक, साथीभाइ, परिवारका सदस्य वा कुनै सामाजिक सेवा संस्था पर्नुहुन्छ।

**उपशामक हेरचाह** र **हस्पिस हेरचाह**

## उपशामक हेरचाह र हस्पिस हेरचाह (Hospice Care) बीचको भिन्नता जान्नुहोस्।

| उपशामक हेरचाह | हस्पिस हेरचाह |
| --- | --- |
|  |  |
| अन्तिम चरणको रोग निदान आवश्यक पर्दैन: बिरामीलाई गम्भीर वा दीर्घ रोग(हरू) लागेको हुन्छ | 6 महिना वा सोभन्दा कम बाँच्ने अनुमानसहित रोग अन्तिम चरणमा पुगेको निदान: बिरामी 6 महिना वा सोभन्दा कम बाँच्ने अनुमान गरिन्छ |
| दीर्घकालीन हेरचाहको व्यवस्थापन | जीवनको अन्तिम चरणको हेरचाह |
| निको पार्ने उपचार जारी रहन्छ | निको पार्ने उपचार बन्द गर्नुहोस् |


**हस्पिस तथा उपशामक हेरचाह केन्द्र**
**(Center for Hospice & Palliative Care)**
**वृद्धावस्था तथा दीर्घकालीन हेरचाह कार्यालय**
**(Office of Aging and Long-Term Care)**
**इमेल:** CHPC@health.ny.gov
**फोन:** (518) 807-7848


health.ny.gov/hospice


NEW YORK STATE | Department of Health

#14229 (Nepali) 11/2025